बैठक नं.

आज मिति २०८१ साल असोज महिनाको ३० गते बुधवारका दिन विहान ११.०० बजे यस अन्नपूर्ण गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री विष्णु बहादुर के.सी. ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बसी तपसिल बमोजिमको निर्णय गरियो।

| क्र.सं. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | विष्णु बहादुर के.सी. | अध्यक्ष | |
| २ | चन्द्रकला अधिकारी | उपाध्यक्ष | |
| ३ | विष्णु प्रसाद पोखरेल | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | तुलसी प्रसाद अधिकारी | वडा अध्यक्ष वडा नं. १ | |
| ५ | पिताम्बर भण्डारी | वडा अध्यक्ष वडा नं. २ | |
| ६ | फणीन्द्र प्रसाद पौडेल | वडा अध्यक्ष वडा नं. ३ | |
| ७ | आइन्दल गुरुङ | वडा अध्यक्ष वडा नं. ४ | |
| ८ | जिवनाथ पौडेल | वडा अध्यक्ष वडा नं. ५ | |
| ९ | एकदेव देवकोटा | वडा अध्यक्ष वडा नं. ६ | |
| १० | भरत मान गुरुङ | वडा अध्यक्ष वडा नं. ७ | |
| ११ | विजय गुरुङ | वडा अध्यक्ष वडा नं. ८ | |
| १२ | रमेश गुरुङ | वडा अध्यक्ष वडा नं. ९ | |
| १३ | गौतम गुरुङ | वडा अध्यक्ष वडा नं. १० | |
| १४ | हिम बहादुर गुरुङ | वडा अध्यक्ष वडा नं. ११ | |
| १५ | पुष्पा पुन | कार्यपालिका सदस्य | |
| १६ | नारायणी परियार | कार्यपालिका सदस्य | |
| १७ | पार्वती पौडेल | कार्यपालिका सदस्य | |
| १८ | सिमा क्षेत्री | कार्यपालिका सदस्य | |
| १९ | चतुर्मान विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २० | भुपाल घर्ती | कार्यपालिका सदस्य | |

**अन्य उपस्थितिः**

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | ठाकुर प्रसाद अधिकारी | अधिकृत | |

CamScanner

## मिति २०८१।०६।३० गते को कार्यपालिका वैठकको प्रस्तावहरु

१) अघिल्लो कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको समिक्षा सम्वन्धमा

२) वर्षादको समयमा सडक सरसफाई रकम भुक्तानी सम्वन्धमा

३) माछापुच्छ्रे मा.वि. खेलमैदान मञ्च निर्माण सम्वन्धमा

४) अपुरा योजना सम्वन्धमा

५) सार्वजनिक सुनुवाई सम्वन्धमा

६) माछापुच्छ्रे वेस क्याम्पमा स्वास्थ्यकर्मी व्यवस्थापन सम्वन्धमा

७) खा.पा. स.टे / मनोसामाजिक परापर्श कर्ता विज्ञापन सम्वन्धमा

८) सचेतनामूलक साथै सूचना मुलक र सिमा वोर्ड राख्ने सम्वन्धमा

९) उपभोक्ता समिति गठन सम्वन्धमा

१०) पोल सार्ने सम्वन्धमा

## मिति २०८१।०६।३० को कार्यपालिका वैठकको निर्णयहरु

१) अघिल्लो कार्यपालिका बैठकको समिक्षा साथै यस अवधिमा भएका कार्यक्रमका साथै सेवा प्रवाहका विषयमा छलफल गर्नुका साथै प्राप्त सुझावहरुलाई कार्यान्वयन गर्ने ।

**२) वर्षादको समयमा सडक सरसफाई रकम भुक्तानी सम्वन्धमा**

प्रस्ताव नं.२ मा छलफल गर्दा अन्नपुर्ण गाउँपालिका भित्र विभिन्न स्थानहरुमा बर्षादको समयमा भएको पहिरो पन्छाउन, सडक सरसफाई गर्न गाँउपालिका अध्यक्षज्यूबाट विभिन्न समयमा आदेश भए बमोजिम खहरे निर्माण सेवाले कार्य सम्पन्न गरि वडा कार्यालयको अनुगमन प्रतिवेदन सहित सिफारिश पत्र, प्राविधिक इष्टमेट र मूल्याङ्कन, उपाध्यक्षको अनुगमन प्रतिवेदन सहित भ्याट विल पेश हुन आएकोले बजेट तथा कार्यक्रम को सरसफाई शिर्षकबाट रकम भुक्तानी गर्ने निर्णय गरियो ।

**३) माछापुच्छ्रे मा.वि. खेलमैदान मञ्च निर्माण सम्वन्धमा**

प्रस्ताव नं ३ मा छलफल गर्दा अन्नपुर्ण गाँउपालिका को माछापुच्छ्रे मा.वि. खेलमैदान नजिक मञ्च व्यवस्थापन गर्नु पर्ने भएकोले मञ्च निर्माण गर्ने र निर्माण सम्पन्न पश्चात कार्यक्रम तथा बजेटको अधुरा आयोजना शिर्षकबाट उक्त रकम भुक्तानी गर्ने निर्णय गरियो ।

### ४) अपुरा योजना सम्वन्धमा

प्रस्ताव नं.४ उपर छलफल गर्दा अन्नपुर्ण गाँउपालिकाका विभिन्न स्थानहरु निर्माण भएका तथा योजनाहरु केही अधुरा र अपुरा भएका योजनाहरुको विवरण छिटो भन्दा छिटो गाँउपालिकामा पठाउने । साथै अपुरा योजना अन्तर्गत तत्काल कृषि उपज संकलन केन्द्रमा शौचालय निर्माण र वडा नं २ को सरस्वती आ.वि. ठुलाचौरमा शौचालय निर्माण गर्ने निर्णय गरियो ।

### ५) सार्वजनिक सुनुवाई सम्वन्धमा

प्रस्ताव नं.५ उपर छलफल गर्दा विकास निर्माण. र सेवा प्रवाह विषयमा नागरिकहरुलाई जानकारी गराउने साथै नागरिकका गुनासा र सुझाव लिने उद्देश्य का साथ मिति २०८१ कार्तिक ३० गते शुक्रबार ४ नं वडा कार्यालयमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

### ६) माछापुच्छ्रे वेस क्याम्पमा स्वास्थ्यक र्मी व्यवस्थापन सम्वन्धमा

प्रस्ताव नं .६ उपर छलफल गर्दा अन्नपुर्ण गाउँपालिकाको महत्वपुर्ण पर्यटकीय स्थान पर्यटकहरुको स्वास्थ्य परिक्षण गर्नुसाथै उक्त स्थानमा नागरिकहरुलाई स्वास्थको पहुच पुऱ्याउनका लागि माछापुच्छ्रे वेस क्याम्पमा स्वास्थ्यकर्मी व्यवस्थापन गर्ने निर्णय गरियो ।

### ७) खा.पा. स.टे / मनोसामाजिक परामर्श कर्ता विज्ञापन सम्वन्धमा

प्रस्ताव नं.७ उपर छलफल गर्दा दरवन्दी तेरीज अनुसार रिक्त रहेको खा.पा.स.टे (चौथो) पद र सामी कार्यक्रम अन्तर्गतको मनोसामाजिक परामर्शकता पदको विज्ञापन गर्ने निर्णय गरियो ।

### ८) सचेतनामूलक साथै सूचना मुलक र सिमा वोर्ड राख्ने सम्वन्धमा

प्रस्ताव नं.८ उपर छलफल गर्दा गाउँपालिकाका विभिन्न स्थानहरुमा सचेतनामूलक र सन्देशमुलक साथै सिमा बोर्डहरु राख्ने निर्णय गरियो ।

### ९) उपभोक्ता समिति गठन सम्वन्धमा

प्रस्ताव नं.९ उपर छलफल गर्दा आ.व.०८१।०८२ को बजेटं तथा कार्यक्रम कार्यान्वयनका लागि २०८० कार्तिक १० गते भित्र उपभोक्ता समिति गठन गरि बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

### १०) पोल सार्ने सम्वन्धमा

प्रस्ताव नं. १० उपर छलफल गर्दा गाँउपालिका परिसर र परिसर नजिक बनेको नवनिर्मित भवनको नजिक विद्युत पोललाई सार्नु पर्ने भएकोले सो पोल सार्नका लागि आवश्यक कागजात सहित इष्टमेट

तयार गर्ने, नयाँस्थानमा, नयाँ पोल राख्न साथै पुरानो ठाउँको पोल सार्नका लागि लाग्ने आवश्यक रकम विद्युत प्राधिकरण पोखरा वितरण केन्द्रलाई पठाउने निर्णय गरियो ।

CamScanner